मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक २९३ • २०८३ साल असोज १३ गते मंगलबार • Tuesday 29, September 2026 • सूर्योदय: बिहान ०५:५८ बजे • सूर्यास्त: साँझ ०५:५५ बजे • पृष्ठ ४ • मूल्य रु. ५/-

## सात वर्षको स्वास्थ्य सामग्री खरिदमा छानबिन होला ?

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा पछिल्ला सात वर्षमा स्वास्थ्य सामग्री तथा उपकरण खरिदका क्रममा ठूलो रकम अनियमितता भएको भन्दै परेको उजुरीमाथि छानबिन गर्न प्रदेश सरकारले प्रक्रिया थालेको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सात दिनभित्र छानबिन समिति गठन गरी प्रतिवेदन पेस गर्न निर्देशन दिएको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव शोभाकान्त पौडेलले स्वास्थ्य मन्त्रालयलाई पत्र पठाउँदै प्रदेश आपूर्ति केन्द्र, प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला र स्वास्थ्य निर्देशनालयबाट विगत सात वर्षमा भएका स्वास्थ्य सामग्री तथा उपकरण खरिदको छानबिन गर्न निर्देशन दिएको बताइएको छ। मुख्यमन्त्री कार्यालयमा परेको उजुरीमा ती निकायबाट लामो समयदेखि सीमित आपूर्तिकर्तासँग मिलेमतो गरी खरिद प्रक्रिया अघि बढाइएको आरोप लगाइएको छ।

## सार्वजनिक वित्तीय व्यवस्थापन सुधार गर्न
# मूल्याङ्कन प्रतिवेदन सार्वजनिक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेश सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनसम्बन्धी मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गरिएको छ। अर्थ मन्त्रालय, मधेश प्रदेशको आयोजनामा तथा नेपाल आर्थिक पत्रकार समाजको सह–आयोजनामा जनकपुरधाममा भएको कार्यक्रममा प्रतिवेदन सार्वजनिक गरिएको हो।

कार्यक्रममा मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशको सार्वजनिक वित्तीय प्रणालीलाई थप पारदर्शी, प्रभावकारी र जवाफदेही बनाउन प्रतिवेदनले औँल्याएका विषयलाई सुधारको आधार बनाउनुपर्ने बताए।

उनले प्रदेश सरकारको बजेट सार्वजनिक स्रोत र नागरिकले तिरेको करबाट निर्माण हुने भएकाले त्यसको प्रभावकारी उपयोग गर्नु सरकारको मुख्य जिम्मेवारी भएको बताए। बजेट निर्माणदेखि कार्यान्वयन र खर्च व्यवस्थापनसम्मका प्रक्रियामा सुधार आवश्यक रहेको उनको भनाइ थियो।

'सार्वजनिक स्रोत जनताको सम्पत्ति हो। यसको परिचालनमा पारदर्शिता, मितव्ययिता र जवाफदेहिता कायम गर्न सकिएन भने प्रदेश सरकारप्रति नागरिकको विश्वास कमजोर हुन्छ,' मुख्यमन्त्री यादवले भने।

उनका अनुसार वित्तीय व्यवस्थापनको मूल्याङ्कनलाई प्रतिवेदन तयार गर्ने औपचारिक प्रक्रियामा मात्र सीमित नगरी प्रदेश सरकारको प्रशासनिक तथा वित्तीय प्रणाली सुधारको आधार बनाउनुपर्छ। बजेटमा प्राथमिकता निर्धारण, खर्चको प्रभावकारिता, वित्तीय अनुशासन र सार्वजनिक खरिद प्रक्रियालाई थप व्यवस्थित गर्नुपर्ने उनले बताए।

मुख्यमन्त्री यादवले प्रदेशका मन्त्रालय तथा मातहतका निकायबीच वित्तीय व्यवस्थापनमा समन्वय बढाउनुपर्नेमा समेत जोड दिए। योजना छनोटदेखि कार्यान्वयन र अनुगमनसम्म जिम्मेवारी स्पष्ट बनाउन सके सार्वजनिक खर्चको प्रभावकारिता बढ्ने उनको भनाइ थियो।

सीमित स्रोतलाई प्राथमिकताका आधारमा परिचालन गरी त्यसबाट प्रत्यक्ष परिणाम निकाल्नुपर्ने बताउँदै उनले भने, 'हामीसँग स्रोत सीमित छन्। तर, जनताका अपेक्षा धेरै छन् । त्यसैले उपलब्ध स्रोतलाई प्राथमिकताका आधारमा परिचालन गरी परिणाम देखिने गरी खर्च गर्नुपर्छ।'

कार्यक्रममा अर्थमन्त्री युवराज भट्टराईले मूल्याङ्कन प्रतिवेदनले प्रदेशको वित्तीय प्रणालीका सबल पक्षसँगै सुधार गर्नुपर्ने क्षेत्र पहिचान गर्न सहयोग पुग्ने बताए । प्रतिवेदनमा देखिएका कमजोरीलाई स्वीकार गर्दै त्यसका आधारमा सुधारको कार्ययोजना बनाएर अघि बढ्नुपर्ने उनले बताए।

मन्त्री भट्टराईले बजेट निर्माण र कार्यान्वयनसँगै लेखांकन, वित्तीय प्रतिवेदन तथा अनुगमन प्रणालीमा सुधार आवश्यक रहेको बताए।

'मूल्याङ्कनको उद्देश्य कसलाई दोषी देखाउने नभई कहाँ सुधार आवश्यक छ भनेर पहिचान गर्नु हो । प्रतिवेदनले औँल्याएका विषयलाई आधार बनाएर वित्तीय व्यवस्थापन सुधारको प्रक्रिया अघि बढाइनेछ,' उनले भने।

उनले वित्तीय व्यवस्थापन सुधारका लागि प्रदेश सरकारका सबै मन्त्रालय र मातहतका निकायको समान प्रतिबद्धता आवश्यक रहेको बताए। बजेट कार्यान्वयनमा हुने ढिलाइ, खर्चको गुणस्तर, योजना छनोट तथा वित्तीय अनुशासनका विषयलाई संस्थागत रूपमा सम्बोधन गर्नुपर्ने उनको भनाइ थियो। बजेट खर्चको रकमलाई मात्र उपलब्धिको मापदण्ड बनाउने प्रवृत्तिमा सुधार आवश्यक रहेको मन्त्री भट्टराईले बताए । उनका अनुसार कति बजेट खर्च भयो भन्नेभन्दा खर्च भएको रकमबाट नागरिकले कस्तो प्रतिफल पाए भन्ने विषयलाई उपलब्धिको आधार बनाउनुपर्छ । 'बजेट खर्च भयो

*बाँकी पृष्ठ ३ मा*

## अध्ययन बिदा मागेर नफर्कनेहरुबाट
# साढे १६ करोड असुल



**काठमाडौँ।**
त्रिभुवन विश्वविद्यालयले अध्ययन बिदा लिएपछि विश्वविद्यालयको नियमानुसार सेवामा नफर्किएका शिक्षक तथा कर्मचारीबाट करिब १६ करोड ५० लाख रुपैयाँ असुलउपर गरेको छ । त्रिवि रजिष्ट्रारको कार्यालयअन्तर्गत कर्मचारी प्रशासन महाशाखाका अनुसार हालसम्म ७५ वटा अवस्थाबाट करिब १६ करोड ५० लाख रुपैयाँ असुलउपर भइसकेको छ।

त्रिविले अध्ययन बिदापछि सेवामा नफर्किएका तथा फर्किएर तोकिएको सेवा अवधि पूरा नगरेका शिक्षक तथा कर्मचारीबाट रकम असुलउपर गर्ने तथा अध्ययन बिदाका क्रममा विश्वविद्यालयबाट प्राप्त तलब, भत्ता तथा अन्य सुविधामा नियमानुसार हर्जानासमेत जोडेर रकम असुल गर्ने प्रक्रिया अघि बढाइएको जनाएको हो।

त्यस्तै, थप अवस्थाहरूको हिसाबकिताब तयार गर्ने तथा अभिलेख खोजी गर्ने काम भइरहेको विश्वविद्यालयले जनाएको छ । उपलब्ध विवरणअनुसार हिसाबकिताब भएका अवस्थामा करिब २१ करोड ५० लाख रकम रहेको उल्लेख छ। विश्वविद्यालयका अनुसार सम्पर्कमा आएका शिक्षक तथा कर्मचारीका व्यक्तिगत अभिलेख खोजी तथा अध्ययन गर्ने काम भइरहेको छ। त्यस्ता व्यक्तिबाट विश्वविद्यालयलाई बुझाउनुपर्ने रकम असुलउपर गर्ने प्रक्रिया पनि जारी रहेको छ।

त्रिविले अध्ययन बिदा उपभोग गरेपछि नियमअनुसार सेवामा नफर्किएका वा तोकिएको अवधि पूरा नगरेका शिक्षक तथा कर्मचारीलाई आगामी पुस मसान्तभित्र रजिष्ट्रारको कार्यालयमा सम्पर्क गर्न आग्रह गरेको छ । उनीहरूले कतगमथभिबखभ२तग।भमग।ल उ मार्फत पनि सम्पर्क गर्न सक्ने विश्वविद्यालयले जनाएको छ।

तोकिएको अवधिभित्र सम्पर्क नगरेमा विश्वविद्यालयसँग गरिएको कबुलियतनामा तथा प्रचलित विश्वविद्यालय नियमअनुसार कानुनी कारबाही अघि बढाइने त्रिविले स्पष्ट पारेको छ।

## बेपत्ताको फाइलमा कारबाही सिफारिस
# तिलगंगामा उच्च जिम्मेवारी:
# पिताम्बर अधिकारीको नियुक्तिमा प्रश्नैप्रश्न !




**मधेशदृष्टि**
**काठमाडौँ।**
करिब २५ वर्षअघि लमजुङबाट एक व्यक्ति बेपत्ता भए। घटनाको अनुसन्धान राष्ट्रिय मानव अधिकार आयोगसम्म पुग्यो । आयोगले सुरक्षाकर्मीको नियन्त्रणमा रहेका तेजबहादुर भण्डारीको जीवन अधिकार उल्लंघन भएको निष्कर्षसहित तत्कालीन सीडीओ, सेनाका अधिकारी र तत्कालीन डीएसपी पिताम्बर अधिकारीसहित जिम्मेवार देखिएका व्यक्तिमाथि कानुनी कारबाही गर्न सिफारिस ग¥यो।

तर त्यही प्रकरणमा नाम जोडिएका पिताम्बर अधिकारीको सार्वजनिक जीवन भने रोकिएन । प्रहरी सेवामा उनी माथिल्लो जिम्मेवारीमा पुगे, पछि अवकाशपछि तिलगंगा आँखा प्रतिष्ठानको प्रमुख सञ्चालन अधिकृत (सिओओ) को जिम्मेवारीमा पुगे। तिलगंगाको आधिकारिक वेबसाइटमा समेत उनी हाल सिओओका रूपमा सूचीकृत छन् । यही विरोधाभासले अहिले एउटा गम्भीर प्रश्न जन्माएको छ, 'मानव अधिकार उल्लंघनको गम्भीर प्रकरणमा राष्ट्रिय मानव अधिकार आयोगले कारबाही सिफारिस गरेका व्यक्तिलाई प्रतिष्ठित स्वास्थ्य संस्थाको उच्च व्यवस्थापकीय जिम्मेवारीमा नियुक्त गर्दा उनको विगतबारे कति अध्ययन भयो?'

### २०५८ सालको त्यो घटना

राष्ट्रिय मानव अधिकार आयोगको अभिलेखअनुसार लमजुङको सिमपानी–३, भलामका ५६ वर्षीय पूर्वशिक्षक तथा तत्कालीन नेकपा (एमाले) का स्थानीय तहका सचिव तेजबहादुर भण्डारीलाई २०५८ सालमा सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए । आयोगको अभिलेखमा भण्डारी निःशस्त्र अवस्थामा सुरक्षाकर्मीको नियन्त्रणमा रहेको उल्लेख छ । सुरक्षाकर्मीले उनलाई भाग्न खोज्दा गोली लागेर मृत्यु भएको दाबी गरे पनि आयोगको अनुसन्धानले उक्त दाबीलाई विश्वसनीय नठहराएको अभिलेखमा उल्लेख छ।

आयोगले घटनाको अनुसन्धानपछि तत्कालीन लमजुङका प्रमुख जिल्ला अधिकारी शिवप्रसाद नेपाल, नेपाली सेनाका मेजर सन्तोषसिंह ठकुरी, तत्कालीन डीएसपी पिताम्बर अधिकारीलगायतमाथि मुलुकी ऐनको ज्यानसम्बन्धी व्यवस्थाअनुसार कानुनी कारबाही गर्न सिफारिस गरेको थियो। साथै पीडित परिवारलाई क्षतिपूर्ति तथा मृतकका सन्तानलाई निःशुल्क शिक्षासहितका उपाय सिफारिस गरिएको थियो । आयोगको निर्णय २०६८ असार ३१ गते भएको र कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गरिएको

*बाँकी पृष्ठ ३ मा*



सम्पादकीय

# दु:खको सागरमा मधेश: आँसुसँगै बगेको चाडपर्व

प्रकृति जब कठोर बन्छ, त्यसको सबैभन्दा ठूलो मार गरिब र विपन्न वर्गमाथि नै पर्छ। यतिबेला बेमौसमी र अविरल वर्षाका कारण मधेश क्षेत्र फेरि एकपटक जलमग्न र शोकमग्न बनेको छ। अघिल्ला प्राकृतिक विपत्तिबाट तंग्रिन नपाउँदै असोजको यो पछिल्लो वर्षाले ल्याएको विनाशले मधेशी जनजीवनलाई अस्तव्यस्त मात्र बनाएको छैन, समग्र क्षेत्रलाई नै गहिरो शोकमा डुबाएको छ। विपद्मा परेका सर्वसाधारणका लागि यो केवल एउटा दुखद खबर मात्र होइन, जिन्दगीभरिको कमाई र आफन्त गुमाउनु परेको भयावह यथार्थ हो।

केही समयअघि मात्र भोटेकोशीको उर्लंदो बाढीमा परेर पसिना बगाउन गएका मधेशका होनहार छोराछोरीहरू बेपत्ता भएको बज्रपातले अनेकौँ परिवारलाई सम्हालिन दिएको थिएन। आफ्नो पेट पाल्न र परिवारको मुस्कान जोगाउन घरदेश छाडेर टाढा पुगेका ती श्रमिक युवाहरूको अत्तोपत्तो नहुँदा आमाबाबु र आफन्तको आँखाको आँसु अझै सुकेको छैन। छोराछोरी सकुशल फर्किने आशामा बाटो हेरिरहेका ती परिवारका लागि भोटेकोशीको बाढीले दिएको घाउ सेलाउन नपाउँदै असोजको यो वर्षा अर्को महाविपत्ति बनेर ओर्लिएको छ।

असोजको यो बाढी र डुबानले मधेशका गाउँ–गाउँलाई जलमग्न बनाएको छ। भर्खरै पाक्न लागेका धानका बालाहरू हिलोमा पुरिएका छन् भने कच्ची घरहरू ढलेका छन्। बाढीको लेदो र कटानले बस्ने बास र खाने गाँस दुवै खोसेको छ। पहाडबाट बगेर आउने नदीहरूले मधेशलाई हरेक वर्ष बगर र तालमा परिणत गर्दा त्यहाँका गरिब किसानहरू फेरि ऋणको दुश्चक्रमा फस्ने निश्चित छ। यसरी लगातारको प्राकृतिक विपद्ले मधेशको अर्थतन्त्र र सामाजिक जनजीवनको मेरुदण्ड नै भाँचिदिएको छ।

दशैँ र तिहार जस्ता महान् चाडपर्वहरू संघारमै आइपुगेका छन्। सामान्य अवस्थामा चाडपर्वले गाउँघरमा खुसी, पुनर्मिलन र उमङ्ग बोकेर ल्याउँथ्यो, तर यसपटक मधेशका बस्तीहरूमा कुनै रौनक छैन।

बाढीले घरबारविहीन बनाएका, बालीनाली गुमाएका र बेपत्ता आफन्तको शोकमा तड्पिरहेका परिवारका लागि चाडपर्व केवल उराठलाग्दो र खल्लो बनेको छ। घरमा खाने अन्न छैन, टाउको लुकाउने सुरक्षित ठाउँ छैन, अनि मनभरि आफन्त गुमाउनुको वेदना छ; यस्तो अवस्थामा आउने चाडपर्वले खुसी होइन, झनै गहिरो पीडा मात्र थपेको छ। संकटका बेला नै राज्यको उपस्थिति र अभिभावकत्वको वास्तविक परीक्षण हुन्छ।

केवल औपचारिक राहत र आश्वासनका वक्तव्यले मात्र पीडितको आँसु पुछिन सक्दैन। भोटेकोशीमा बेपत्ता भएकाहरूको तीव्रताका साथ खोजी जारी राख्नुका साथै असोजको बाढीबाट प्रभावित परिवारहरूलाई तत्काल गाँस, बास र स्वास्थ्य सेवाको प्रबन्ध मिलाउनु सरकारको पहिलो दायित्व हो। दीर्घकालीन रूपमा नदी नियन्त्रण र विपद् व्यवस्थापनका प्रभावकारी योजना नबनाउनेसम्म मधेशले हरेक वर्ष यसरी नै आँसुको मूल्य चुकाइरहनुपर्नेछ। तसर्थ, सरकारले भाषण र सदिच्छाभन्दा अगाडि बढेर पीडितका घाउमा वास्तविक मल्हम लगाउने ठोस कदम तत्काल चालोस्।

# मधेशमा मासु बजारको अवस्था, पशु चिकित्सक तथा मासु निरीक्षकका चुनौती

–डा. केदार कार्की

सरकारले पशु वधशाला र मासु जाँच ऐन, २०५५ लाई चरणवद्ध रूपमा देशभर लागु गर्ने निर्णय गरेको छ। सरकारले उपभोक्तालाई स्वच्छ, सुरक्षित र गुणस्तरीय मासु उपलब्ध गराउने तथा मासुजन्य खाद्य पदार्थमा हुने मिसावट नियन्त्रण गर्ने उद्देश्यले ऐन कार्यान्वयनलाई प्राथमिकतामा राखेको जनाएको छ। ऐन पूर्ण रूपमा लागु भएपछि पशु वधदेखि मासु उपभोक्तासम्म पुग्ने सम्पूर्ण प्रक्रिया कानूनी मापदण्डभित्र ल्याइनेछ।

ऐनअनुसार अब अनुमति नलिई पशु वधशाला सञ्चालन गर्न वा व्यावसायिक रूपमा मासु बिक्री गर्न पाइने छैन। सरकारले तोकेको मापदण्ड पूरा गरेपछि मात्रै वधशाला स्थापना तथा सञ्चालनको अनुमति दिइने व्यवस्था गरिएको छ। निजी क्षेत्रले पनि आवश्यक अनुमति लिएर वधशाला सञ्चालन गर्न सक्ने भए पनि सरकारले तोकेका मापदण्ड अनिवार्य रूपमा पालना गर्नुपर्नेछ।

यस्तै वध गर्नुअघि प्रत्येक पशुको अनिवार्य स्वास्थ्य परीक्षण गर्नुपर्ने व्यवस्था ऐनमा छ। परीक्षणमा स्वस्थ देखिएका पशुलाई मात्रै वध गर्न अनुमति दिइनेछ भने रोगग्रस्त, शंकास्पद वा उपभोगका लागि अनुपयुक्त देखिएका पशुको वध तत्काल रोक्न सकिनेछ। पशु निरीक्षणका लागि सरकारले मासु निरीक्षक र मासु सुपरिवेक्षक खटाउने व्यवस्था पनि ऐनले गरेको छ।

वधपछि पनि मासुको अनिवार्य परीक्षण हुनेछ। परीक्षणपछि मात्र बिक्रीयोग्य ठहरिएको मासुमा आधिकारिक छाप वा चिन्ह लगाइनेछ र त्यस्तो छाप लागेको मासु मात्रै बजारमा बिक्री गर्न पाइनेछ। छाप नभएको वा परीक्षण नगरिएको मासु बिक्री गर्न कानूनले निषेध गरेको छ।

ऐनले रोग लागेर मरेका पशुको मासु बिक्री गर्न पूर्ण रूपमा रोक लगाएको छ। त्यस्तै एक प्रकारको पशुको मासुलाई अर्को प्रकारको भन्दै बिक्री गर्ने, विभिन्न पशुको मासु मिसाएर बेच्ने, तौल बढाउन वा गुणस्तर परिवर्तन गर्न कुनै पदार्थ मिसाउने कार्य पनि दण्डनीय हुनेछ।

मासु निरीक्षक तथा सुपरिवेक्षकलाई जुनसुकै समयमा वधशाला, मासु पसल वा बिक्री केन्द्रमा पुगेर निरीक्षण गर्ने, नमुना संकलन गर्ने र परीक्षण गर्ने अधिकार हुनेछ। निरीक्षणमा सहयोग नगर्ने वा कानून उल्लंघन गर्ने व्यक्ति तथा व्यवसायीलाई कसुरअनुसार जरिवाना, कैद वा दुवै सजायको व्यवस्था गरिएको छ।

सरकारको निर्णयसँगै अब स्थानीय तह, सम्बन्धित मन्त्रालय र नियामक निकायहरूले चरणबद्ध रूपमा ऐन कार्यान्वयन अघि बढाउनेछन्। यसका लागि आवश्यक पूर्वाधार निर्माण, आधुनिक वधशालाको स्थापना, निरीक्षण संयन्त्रको विस्तार तथा बजार अनुगमनलाई प्रभावकारी बनाइने छ।

वर्षौंदेखि अव्यवस्थित रूपमा सञ्चालन हुँदै आएका पशु वध र मासु बिक्री व्यवसायलाई कानूनी दायराभित्र ल्याउने, उपभोक्ताको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्ने तथा खाद्य स्वच्छताको मापदण्ड कार्यान्वयनमा जाने छ।

नेपालमा मासु निरीक्षणसम्बन्धी कानुन कार्यान्वयन नहुनु मुख्यतः कानुनको अभावभन्दा क्षमता र सुशासनको समस्या हो। मासुको मूल्य श्रृंखलामा संलग्न सबै सरोकारवालाहरू ऐन तथा नियमावली कार्यान्वयनका लागि जिम्मेवार हुनुपर्ने भए पनि मासु ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि बलियो राजनीतिक प्रतिबद्धता सधैँ आवश्यक हुन्छ। राजनीतिक प्रतिबद्धता मात्र पनि पर्याप्त हुँदैन। यसलाई बजेट, संस्थागत व्यवस्था, योग्य जनशक्ति, पूर्वाधार, कार्यान्वयन तथा जवाफदेहितामा रूपान्तरण गर्नुपर्छ। वधशालारवधस्थल व्यवस्थापनका लागि स्थानीय सरकारको प्रतिबद्धता, मासु निरीक्षणमा युवा पशु चिकित्सकलाई तालिम दिन पशु सेवा विभागको प्रतिबद्धता, वधस्थल तथा मासु निरीक्षकरसुपरभाइजरका गतिविधिको नियमित अनुगमन तथा स्थानीय सरकार र वधशाला व्यवस्थापनलाई प्राविधिक सहयोग पुर्याउने प्रतिबद्धता पनि महत्वपूर्ण पक्ष हुन्।

खाद्य पशुहरू हप्ताका निश्चित दिनमा मात्र वध गरिनुपर्छ। पशु चिकित्सा मासु निरीक्षक, सुपरिवेक्षक वा मासुले खाद्य पशुको वधपूर्व तथा वधपश्चात् परीक्षण गरी देशको नियममा उल्लेख भएअनुसार मासुमा छाप लगाउनुपर्छ। यस्तै प्रकारको व्यवस्था अमेरिकाका केही क्षेत्रमा पनि अभ्यासमा रहेको उल्लेख गरिएको छ। पछि यस्ता वधस्थललाई स्तरोन्नति गर्नुपर्छ।

मधेश प्रदेशका आठवटै जिल्लाहरू (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) मा मासु बजारको स्थिति, 'पशु वधशाला तथा मासु जाँच ऐन, २०५५' कार्यान्वयन गर्न आवश्यक प्राविधिक जनशक्ति र यसको सफलताको सम्भावनाको विश्लेषण यस प्रकार छः

**१. मधेश प्रदेशमा मासु बजारको वर्तमान अवस्था**

अव्यवस्थित र खुला वध प्रणालीः वीरगंज महानगरपालिका, जनकपुरधाम उपमहानगरपालिका, राजविराज, लाहान र कलैया जस्ता प्रमुख सहरी तथा व्यापारिक केन्द्रहरूमा समेत व्यवस्थित आधुनिक पशु वधशालाको अभाव छ। अधिकांश व्यवसायीहरूले खुला ठाउँ, सडक किनार र ढल नजिकै असुरक्षित वातावरणमा पशु वध गर्ने गरेका छन्।

क्रसबोर्डर (सीमावर्ती) जोखिमः खुला सिमानाका कारण भारतबाट बिना क्वारेन्टाइन र अस्वस्थ पशुहरू (खासगरी खसी(बोका, राँगा र कुखुरा) अवैध रूपमा भित्रिने ठूलो जोखिम छ। पशु वध गर्नुअघि र वध गरिसकेपछि गरिने प्राविधिक स्वास्थ्य जाँच प्रायः शून्य छ।

स्वास्थ्य तथा स्वच्छताको मापदण्ड फितलोस् धैरैजसो मासु पसलहरूमा डीपफ्रिज वा कोल्ड चेन, सफा पानी र झिँगा–धुलौटोबाट बचाउने जालीदार घेराबाराको अभाव देखिन्छ।

**२. आवश्यक पशु चिकित्सक तथा मासु निरीक्षकहरूको संख्या**

'पशु वधशाला तथा मासु जाँच ऐन, २०५५' अनुसार पशु चिकित्सामा कम्तीमा स्नातक गरेका जनशक्तिलाई मात्र मासु निरीक्षकरभेटेरिनरी निरीक्षक का रूपमा खटाउन सकिन्छ। मधेश प्रदेशका कुल १३६ वटा स्थानीय तह ९१ महानगर, ३ उपमहानगर, ७३ नगरपालिका र ५९ गाउँपालिका) को आधारमा आवश्यक जनशक्तिको अनुमानः

**पशु चिकित्सक (मासु निरीक्षकीः**

ऐनअनुसार पशुको वध हुनुअघि र पछि स्वास्थ्य प्रमाणीकरण गर्न प्रत्येक स्थानीय तहमा कम्तीमा १ जना भेटेरिनरी अधिकृत अनिवार्य चाहिन्छ।

वीरगंज, जनकपुर, कलैया र जीतपुरसिमरा जस्ता ठूला बजार क्षेत्रमा २ देखि ४ जनासम्म पशु चिकित्सक आवश्यक पर्छ।

कुल आवश्यक पशु चिकित्सक संख्याः मधेश प्रदेशभर कम्तीमा १४० देखि १६० जना।

**सहयोगी प्राविधिक (स्वास्थ्य निरीक्षक):**

दैनिक रूपमा वधस्थल र मासु पसलहरूको भौतिक सरसफाइ र गुणस्तर अनुगमनका लागि प्राविधिक सहायकहरू आवश्यक पर्छ।

प्रत्येक स्थानीय तहमा २ देखि ३ जना खटाउँदा प्रदेशभर कुल ३०० देखि ४०० जना सहायक निरीक्षकरप्राविधिक अनिवार्य हुन्छन्।

**३. ऐन कार्यान्वयनको सफलताको सम्भावना**

लै पशु सेवा विभागले 'पशु वधशाला तथा मासु जाँच ऐन, २०५५'लाई देशव्यापी रूपमा कार्यान्वयन गर्न १२ वटा प्राविधिक टास्क फोर्स गठन गरेको छ। यसले मधेश प्रदेशमा पनि ऐन कार्यान्वयनको ढोका खोलेको छ।

**सफलताका सकारात्मक आधारहरू:**

स्थानीय तहको अधिकार र कार्यविधिः स्थानीय सरकार सञ्चालन ऐनले बजार नियमन र पशु स्वास्थ्यको अधिकार पालिकाहरूलाई दिएकाले नगर प्रहरी र प्राविधिक टोलीमार्फत ऐन कार्यान्वयन गराउन कानुनी बाटो सहज छ।

सङ्घीय तथा प्रदेश समन्वयस् सङ्घीय सरकारले गठन गरेका टास्क फोर्सले स्थानीय तहहरूलाई प्राविधिक सहयोग र मार्गनिर्देशन उपलब्ध गराउनेछन्।

उपभोक्ता सचेतनास् सहरी क्षेत्रमा सफा र गुणस्तरीय मासु उपभोगबारे जनचेतना बढ्दै गएकाले बजार नियमनमा उपभोक्ताको साथ पाइने सम्भावना छ।

**मुख्य चुनौतीहरू:**

सीमा नाका नियमनस् खुला सिमानाका कारण अवैध रूपमा भित्रिने अस्वस्थ पशुहरूलाई क्वारेन्टाइन नाकाहरूमा कडाइका साथ नरोकेसम्म ऐन पूर्ण रूपमा सफल हुन कठिन छ।

पूर्वाधारको अभावस् व्यवसायीहरूलाई वैकल्पिक आधुनिक वधशाला वा व्यवस्थित वधस्थल नदिई एक्कासि प्रतिबन्ध लगाउँदा विरोध हुने सम्भावना रहन्छ।

जनशक्ति र बजेटको कमीः मधेश प्रदेशका धैरैजसो गाउँपालिका तथा नगरपालिकाहरूमा पशु चिकित्सकको स्वीकृत दरबन्दी नै खाली छ।

नेपालमा मासु निरीक्षणसम्बन्धी कानुन कार्यान्वयन नहुनु मुख्यतः कानुनको अभावभन्दा क्षमता र सुशासनको समस्या हो। मासुको मूल्य श्रृंखलामा संलग्न सबै सरोकारवालाहरू ऐन तथा नियमावली कार्यान्वयनका लागि जिम्मेवार हुनुपर्ने भए पनि मासु ऐन तथा नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि बलियो राजनीतिक प्रतिबद्धता सधैँ आवश्यक हुन्छ। राजनीतिक प्रतिबद्धता मात्र पनि पर्याप्त हुँदैन। यसलाई बजेट, संस्थागत व्यवस्था, योग्य जनशक्ति, पूर्वाधार, कार्यान्वयन तथा जवाफदेहितामा रूपान्तरण गर्नुपर्छ। वधशालारवधस्थल व्यवस्थापनका लागि स्थानीय सरकारको प्रतिबद्धता, मासु निरीक्षणमा युवा पशु चिकित्सकलाई तालिम दिन पशु सेवा विभागको प्रतिबद्धता, वधस्थल तथा मासु निरीक्षकरसुपरभाइजरका गतिविधिको नियमित अनुगमन तथा स्थानीय सरकार र वधशाला व्यवस्थापनलाई प्राविधिक सहयोग पुर्याउने प्रतिबद्धता पनि महत्वपूर्ण पक्ष हुन्।

नेपालमा 'पशु वधशाला तथा मासु जाँच ऐन, २०५५' अनुसार मासु परीक्षणलाई कानुनी रूपमै अनिवार्य गराउने र सर्वसाधारणको स्वास्थ्य सुरक्षा गर्ने लक्ष्य राखिएको छ। झापा र सुनसरीमा यस ऐनलाई सफल बनाउन स्थानीय पालिकाहरूले तत्काल निजी क्षेत्रसँगको सहकार्यमा साना तथा मझौला वधशाला क्षेत्र तोक्ने, व्यवसायीहरूलाई तालिम र अनुदान दिने तथा उपभोक्ता सचेतना जगाउने कार्यलाई तीव्र पार्नुपर्छ।

**निष्कर्षः**

मधेश प्रदेशमा यो ऐन सफल बनाउन सीमा नाकामा क्वारेन्टाइन कडाइ गर्ने, स्थानीय तहहरूले पशु चिकित्सकको पदपूर्ति गर्ने र साना व्यवसायीहरूलाई एकीकृतरसाझा वधशाला निर्माणमा सहयोग पुर्यवउने रणनीति अपनाउनु अत्यावश्यक छ।

# बिपी राजमार्गः पुनर्निर्माणसँगै बाढी–पहिरोको चुनौती कायमै

–सनम सुवाल/रासस

लगातारको वर्षातका कारण पहिरो तथा रोशी नदीको कटानबाट ठाउँठाउँमा अवरुद्ध बनेको बिपी राजमार्गको खुर्कोट–भकुण्डेबैँसी खण्ड सोमबार पनि बन्द रहेको छ। अवरोध हटाउने कार्य सम्पन्न हुन बाँकी रहेकाले उक्त खण्डमा यातायात सञ्चालन हुन नसकेको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिनुभयो।

डिभिजन सडक कार्यालय, भक्तपुरको टोली आज बिहानैदेखि सडक सञ्चालनका लागि सक्रिय रहेको छ। मौसमले साथ दिएमा भोलि असोज १३ गते अपराह्नदेखि सडक सञ्चालनमा आउन सक्ने सम्भावना रहेको अधिकारीले बताउनुभयो। अहिलेको यो अवरोधले बिपी राजमार्गमा वर्षायाममा दोहोरिँदै आएको बाढी, पहिरो र नदी कटानको समस्या फेरि सतहमा ल्याएको छ। २०८१ असोज दोस्रो साताको अविरल वर्षासँगै रोशी खोलामा आएको बाढी र पहिरोले राजमार्गको काभ्रे खण्डमा ठूलो क्षति पु¥याएपछि सडक अहिले स्थायी पुनर्निर्माणको चरणमा छ। सडकको ठूलो भाग बगेपछि तत्काल यातायात सञ्चालनका लागि विभिन्न स्थानमा अस्थायी डाइभर्सन निर्माण गरिएको थियो।

देशको पूर्वी तथा मध्यक्षेत्रलाई सङ्घीय राजधानी काठमाडौंसँग जोड्ने महत्वपूर्ण जीवनमार्गका रूपमा रहेको बिपी राजमार्ग जापानी सहयोग नियोग (जाइका) को प्राविधिक तथा आर्थिक सहयोगमा निर्माण भएको हो। यसले राजधानीसँग तराई तथा पूर्वी जिल्लाको यातायात, व्यापार तथा दैनिक जनजीवन जोड्दै आएको छ। त्यसैले राजमार्गमा हुने अवरोधको प्रत्यक्ष असर यात्रु र चालकसँगै स्थानीय बस्ती तथा व्यापार व्यवसायमा पर्ने गरेको छ।

विसं २०८१ को बाढीपछि सडक बगेका स्थानमा बनाइएका अस्थायी डाइभर्सनमार्फत यातायात सञ्चालन गरिए पनि यात्रा सहज हुन सकेको छैन। वर्षायाममा हिलो र घाम लाग्दा धुलो हुने डाइभर्सनमा सवारी चलाउन कठिन हुने गरेको चालकहरू बताउँछन्। बिपी रामार्गमा नियमित सवारीसाधन चलाउँदै आएका चालक विनोद दाहालका अनुसार डाइभर्सनको अवस्थाका कारण दैनिक सास्ती भोग्नुपरेको छ। 'सडक बगेको ठाउँमा अस्थायी रूपमा बनाइएको डाइभर्सनमा हिलो र धुलोको सास्ती त छँदैछ, बाटोको बेहाल अवस्थाका कारण साना गाडीले जताततै भुइँ छुन्छन्। गाडी त बिग्रन्छ नै, यात्रुको ज्यानको जोखिम मोलेर यात्रा गराउनुपरेको छ,' उहाँले भन्नुभयो। राजमार्गसँग प्रत्यक्ष जोडिएका स्थानीय बासिन्दाको समस्या पनि उस्तै छ। रोशी गाउँपालिका–११ कालढुङ्गाका स्थानीय बुद्ध लामाका अनुसार बाढीले बस्ती र सडक दुवैमा ठूलो क्षति पु¥याएको थियो। 'हाम्रो घरआँगन भएर जाने यो सडक नै हाम्रो जीवनको मुख्य आर्थिक आधार थियो। तर बाढीले बस्ती र सडक दुवै तहसनहस बनायो। अहिले अस्थायी डाइभर्सनबाट जसरी तसरी यातायात चले पनि धुलो, हिलो र फेरि पानी पर्दा आउने बाढीको त्रास कायमै छ,' उहाँले भन्नुभयो। उहाँले यस क्षेत्रको स्थायी समाधानका लागि छिटो र बलियो संरचना निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

स्थानीय सरकारको तर्फबाट पनि पुनर्निर्माणलाई तात्कालिक मर्मतमा मात्र सीमित नराखी दीर्घकालीन र सुरक्षित बनाउनुपर्ने माग उठाइएको छ। रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले विपद्बाट पाठ सिकेर आगामी दिनमा जोखिम कम हुने गरी संरचना बनाउनुपर्ने बताउनुभएको छ। 'बिपी राजमार्ग पुनर्निर्माणमा राज्यले तत्काल स्रोत सुनिश्चित गर्न आवश्यक छ। राजमार्ग निर्माण गर्दा नागरिकसँगै स्थानीय सरकारको समेत राय लिएर प्राकृतिक विपद् थेग्ने गरी बलियो संरचना बनाउनै पर्छ। दुई वर्षमा सडक पुनर्निर्माण गरिसक्ने दाबी गरेको सरकारले हाम्रा सुझावहरूलाई राम्ररी मनन गरी प्राविधिक अध्ययनका साथ काम अघि बढाओस् भन्ने स्थानीयको अपेक्षा छ,' उहाँले भन्नुभयो।

उहाँले कतिपय अति जोखिमयुक्त स्थानमा सडकको ट्र्याक नै परिवर्तन गरेर सुरक्षित भूभागबाट लैजानुपर्ने विकल्पसमेत अघि सार्नु भएको छ। नागरिकको सास्ती र स्थानीय तहको चासोबीच सडक विभागअन्तर्गतको सडक डिभिजन कार्यालय भक्तपुरले पुनर्निर्माण तथा स्तरोन्नतिको काम अघि बढाएको छ। सडक डिभिजन भक्तपुरका प्रमुख ई. सुमन योगेशका अनुसार बर्खेखोलादेखि भकुन्डेबैँसीसम्मको २५.११ किलोमिटर सडक खण्डमा विभिन्न चार प्याकेजमा निर्माण भइरहेको छ।

प्याकेज–१ अन्तर्गत बर्खेखोला–पिप्ले ३.२२ किलोमिटर सडक खण्ड जाइका अनुदान सहयोगमा निर्माण भइरहेको छ। यसका लागि जापानी कम्पनी सिमिजु कर्पोरेसनसँग सम्झौता भएको छ। कन्सल्टेन्टका रूपमा निप्पोन कोइ को लिमिटेड तथा याहियो इन्जिनियरिङ कर्पोरेसन जेभी रहेको छ। उक्त खण्ड दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। प्याकेज–२ अन्तर्गत पिप्ले–डालाबेसी २.३० किलोमिटर सडक खण्ड निर्माणका लागि उमा एन्ड कम्पनी÷भण्डारी अमर ज्योति जेभीसँग ठेक्का सम्झौता भएको छ। लागत अनुमान रु एक अर्ब २१ करोड रहेकामा रु ६८ करोड ८० लाख ४० हजारमा सम्झौता भएको उक्त खण्डमा हाल सम्म ४० प्रतिशत भौतिक प्रगति भएको छ।

प्याकेज–३ अन्तर्गत डालाबेसी–चारसयबेसी ८.५० किलोमिटर सडक खण्डको निर्माण खानी÷ए वान÷कमल जित जेभी काठमाडौँले गरिरहेको छ। लागत अनुमान रु दुई अर्ब ४५ करोड रहेकामा रु एक अर्ब ४२ करोडमा सम्झौता भएको उक्त खण्डमा हालसम्म ४६ प्रतिशत भौतिक प्रगति भएको छ। यस्तै प्याकेज–४ अन्तर्गत चारसयबेसी–भकुन्डेबेसी ११.०९ किलोमिटर सडक खण्डको निर्माण लामा÷नव कान्तिपुर जेभी काठमाडौंले गरिरहेको छ। लागत अनुमान रु दुई अर्ब ५२ करोड रहेकामा रु एक अर्ब ३३ करोडमा सम्झौता भएको उक्त खण्डमा हालसम्म ३५ प्रतिशत भौतिक प्रगति भएको डिभिजन प्रमुख योगेशले जानकारी दिनुभयो।

सडकलाई बाढी तथा पहिरोबाट सुरक्षित बनाउन विभिन्न प्राविधिक संरचनाको निर्माणलाई समेत प्राथमिकता दिइएको छ। डिभिजन प्रमुख योगेशका अनुसार उच्च जोखिम रहेका क्षेत्रमा आरसीसी क्यान्टिलिभर वाल निर्माण भइरहेको छ। कूल छ हजार ३०० मिटर लम्बाइको उक्त संरचनामध्ये हालसम्म तीन हजार ७६० मिटर सम्पन्न भएको छ। माइक्रोपाइलतर्फ एक हजार १४५ मिटरको काम शतप्रतिशत सम्पन्न भएको छ। प्लम कङ्क्रिटतर्फ पाँच हजार ७४० मिटरमध्ये दुई हजार १८९ मिटर अर्थात् ३८ प्रतिशत र स्टोन मसनरीतर्फ पाँच हजार ९०० मिटरमध्ये चार हजार १०५ मिटर अर्थात् ७० प्रतिशत काम सम्पन्न भएको छ।

वर्षायाममा यातायात अवरुद्ध हुन नदिन जोखिमयुक्त स्थानमा न्यूनतम ४.५ मिटर उचाइसम्म आरसीसी क्यान्टिलिभर वाल निर्माण गरी ग्राभेल स्तरको सडक तयार गरिएको सडक डिभिजन कार्यालयले जनाएको छ। सम्भावित आकस्मिक अवरोध तथा पहिरो तत्काल पन्छाउन चौकीडाँडा, कटुन्जेबेसी, चारसयबेसी, गिम्तिबेसी–नार्के, चिउरीबास–बोक्सिकुना, कालढुङ्गा, डालाबेसी र सुक्खा पहिरोलगायतका स्थानमा १३ एक्स्काभेटर, छ लोडर र ११ टिपर तयारी अवस्थामा राखिएको छ। स्थायी पुनर्निर्माण अघि बढिरहँदा अस्थायी डाइभर्सनमा भने बाढीको जोखिम कायमै छ। २०८२ असोज १७ र १८ गतेको अविरल वर्षासँगै आएको बाढीले अघिल्लो वर्ष निर्माण गरिएका डाइभर्सनमा पुनः क्षति पु¥याएको थियो। चौकीडाँडादेखि नेपालथोकसम्म निर्माण गरिएका डाइभर्सनमा सडक डिभिजन कार्यालय भक्तपुरले करिब रु १० करोड खर्च गरेको थियो तर, रोशी खोलाको बाढीले ती डाइभर्सनका विभिन्न भाग बगाएपछि राजमार्ग पुनः प्रभावित भएको थियो।

यस वर्ष असोज ९ गतेदेखि परेको लगातारको वर्षाले पनि बिपी राजमार्गका विभिन्न स्थानमा पहिरो र लेदो खस्नुका साथै रोशी खोलाले सडक तथा डाइभर्सनमा कटान गरेको छ। नमोबुद्ध नगरपालिका–६ चौकीडाँडा, रोशी गाउँपालिका–७ चारसयबेसी, वडा नं ८ गिम्दीबेसी र वडा नं ११ माम्तीमा पहिरो खसेपछि सवारी आवागमन प्रभावित भएको छ।

चौकीडाँडामा रोशी खोलाले डाइभर्सन कटान गरेपछि काठमाडौँबाट पूर्वतर्फ जाने सवारीसाधनलाई धुलिखेलमा होल्ड गरिएको छ। अहिले खुर्कोट–भकुण्डेबैँसी खण्ड बन्द हुनु पनि यही वर्षात्, पहिरो तथा नदी कटानबाट सिर्जित अवरोधकै परिणाम हो।

बिपी राजमार्गको पुनर्निर्माणमा तत्काल सडक सञ्चालनमा राख्नु र दीर्घकालीन रूपमा सुरक्षित बनाउनु दुवै चुनौती छन्। बाढीले भत्काएको सडक पुरानै अवस्थामा फर्काउने मात्र नभई भविष्यमा हुने विपद्को जोखिमसमेत घटाउने गरी संरचना निर्माण गर्नुपर्ने अवस्था छ। २०८१ सालको बाढीले सडकमा ठूलो क्षति पु¥यायो, २०८२ सालको बाढीले अस्थायी डाइभर्सनको सीमितता देखायो र २०८३ सालको वर्षाले पुनः डाइभर्सन कटान तथा पहिरोको समस्या दोहो¥याएको छ तर यहीबीच स्थायी पुनर्निर्माणका विभिन्न प्याकेजमा काम अघि बढिरहेको छ।

एकातर्फ पुनर्निर्माणका संरचना थपिँदै छन् भने अर्कोतर्फ वर्षा, बाढी र पहिरोले अस्थायी संरचनाको कमजोरी देखाइरहेको छ। यात्रु हिलो र धुलोको सास्ती खेपिरहेका छन्, चालक जोखिमबीच सवारी चलाइरहेका छन् र स्थानीय सुरक्षित सडकको प्रतीक्षामा छन्। अबको आवश्यकता निर्माणाधीन संरचना समयमै सम्पन्न गर्नुका साथै जोखिमयुक्त स्थानमा दीर्घकालीन समाधान खोज्नु हो। नागरिकले सुरक्षित र सहज यात्रा गर्न पाए मात्र बिपी राजमार्गको पुनर्निर्माणले अपेक्षित सार्थकता पाउनेछ।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## जगरनाथपुरका प्रमुख प्रशासकीय अधिकृत यादवको बिदाइ,

# केशरीले सम्हाले नयाँ जिम्मेवारी



**मधेशदृष्टि**
**वीरगंज।**
जगरनाथपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवको सरुवा भएपछि सोमबार एक कार्यक्रमबीच बिदाइ गरिएको छ। यादवको स्थानमा विश्रामपुर गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा कार्यरत सुनिल केशरी जगरनाथपुरमा हाजिर भएका छन् ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गत भदौ २९ गते गरेको उपसचिव तथा अधिकृतहरूको सरुवाअन्तर्गत यादवलाई जगरनाथपुरबाट बाराको विश्रामपुर गाउँपालिकामा सरुवा गरिएको हो । सरुवा भई विश्रामपुर जान लागेका यादवलाई गाउँपालिकाले सम्मानसहित बिदाइ गरेको कर्मचारी मन्जय गिरीले जानकारी दिए।

यता, विश्रामपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारीमा रहेका केशरी सोमबार जगरनाथपुर गाउँपालिकामा हाजिर भएपछि उनको स्वागत गरिएको गाउँपालिकाले जनाएको छ।

गाउँपालिकामा आयोजित बिदाइ तथा स्वागत कार्यक्रममा अध्यक्ष श्रीकान्त प्रसाद यादव, उपाध्यक्ष बविता सिंह क्षेत्री, वडाध्यक्ष, कार्यपालिका सदस्य तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।कार्यक्रममा यादवलाई आगामी जिम्मेवारीका लागि शुभकामना दिँदै बिदाइ गरिएको थियो भने केशरीलाई स्वागत गर्दै गाउँपालिकाको प्रशासनिक काम तथा विकास निर्माणलाई थप गति दिन अपेक्षा व्यक्त गरिएको थियो।

बिदाइ कार्यक्रममा गाउँपालिका अध्यक्ष श्रीकान्त प्रसाद यादवले प्रमुख प्रशासकीय अधिकृतका रूपमा सन्देश कुमार यादवले गाउँपालिकाको प्रशासन सञ्चालन तथा विकास निर्माणका क्षेत्रमा पु¥याएको योगदानको प्रशंसा गरे । उनले जनप्रतिनिधि र कर्मचारीबीच प्रभावकारी समन्वय र सहकार्य कायम राख्दै नागरिकलाई गुणस्तरीय सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिए।

नयाँ प्रमुख प्रशासकीय अधिकृत सुनिल केशरीले गाउँपालिकाको प्रशासनिक गतिविधि, सेवा प्रवाह तथा विकास निर्माणका कामलाई प्रभावकारी बनाउन जनप्रतिनिधि र कर्मचारीसँग सहकार्य गर्दै अघि बढ्ने प्रतिबद्धता जनाए । कार्यक्रममा सहभागी जनप्रतिनिधि तथा कर्मचारीहरूले निवर्तमान र नवनियुक्त दुवै प्रमुख प्रशासकीय अधिकृतलाई नयाँ जिम्मेवारीमा सफलताको शुभकामना दिएका थिए।

# सिरहामा डकैतीसहित विभिन्न मुद्दाका फरार अभियुक्त पक्राउ




**मधेशदृष्टि**
**सिरहा।**
डकैती, ज्यान मार्ने उद्योग, लागूऔषध, हातहतियार तथा खरखजाना र संगठित अपराधसम्बन्धी मुद्दामा फरार रहेका एक अभियुक्तलाई सिरहा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा धनुषाको विदेह नगरपालिका–५ झिझा टोलका करिब ४० वर्षीय 'बद्री' भन्ने अजय पासवान रहेका छन् । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार उनलाई विशेष सूचनाका आधारमा बुधबार साँझ सिरहा नगरपालिका–६ स्थित कमला खोलाको आसपासबाट पक्राउ गरिएको हो।

प्रहरीका अनुसार पासवानसहित १२ जनाको समूहले २०८२ मंसिर २ गते राति करिब १ बजे कल्याणपुर नगरपालिका–१२ बेल्हा टोलका भोला महतोका छोरा मुकेशकुमार सिंहको घरमा हतियार देखाएर डकैती गरेको थियो । उक्त समूहले घरबाट नगद तथा जिन्सी सामान गरी ९ लाख ७३ हजार ६ सय ५० रुपैयाँ बराबरको धनमाल लुटेको प्रहरीको दाबी छ । डकैतीपछि भाग्ने क्रममा समूहले बिरेन्द्र महतो र अनिलकुमार महतोलाई गोली प्रहार गरी घाइते बनाएको प्रहरीले जनाएको छ।

घटनापछि समूहमा संलग्न अधिकांश व्यक्ति फरार भएका थिए। उनीहरूको खोजीका क्रममा प्रहरीले अनुसन्धानलाई निरन्तरता दिँदै आएको थियो । सोही क्रममा प्राप्त विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय सिरहाबाट खटिएको टोलीले पासवानलाई कमला खोलाको आसपास हिँडिरहेको अवस्थामा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालले जानकारी दिए।

पक्राउ परेका पासवानलाई जिल्ला प्रहरी कार्यालय सिरहामा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार पासवानविरुद्ध डाँका, ज्यान मार्ने उद्योग, लागूऔषध, हातहतियार तथा खरखजाना र संगठित अपराधसम्बन्धी मुद्दामा अनुसन्धान पूरा भई सिरहा जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

घटनामा संलग्न अन्य फरार व्यक्तिको खोजी जारी रहेको र घटनाका सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

## हुंकार मधेशले तोक्यो सहजकर्ता र प्रवक्ता,

# केन्द्रीय संरचना बनाउने तयारी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
संगठन विस्तारको तयारीमा रहेको हुंकार मधेशले अभियानलाई व्यवस्थित रूपमा अघि बढाउन सहजकर्ता र प्रवक्ताको जिम्मेवारी तोकेको छ । हुंकार मधेशको केन्द्रीय अभियान बैठकले संविधानसभा सदस्य रामकुमार कश्यपलाई सहजकर्ता र केशव कुमारलाई प्रवक्ताको जिम्मेवारी दिएको हो।




संगठनको औपचारिक केन्द्रीय संरचना तयार भइनसकेको अवस्थामा अभियानका गतिविधिलाई समन्वय, सहजीकरण र सञ्चारका माध्यमबाट व्यवस्थित बनाउन दुई जनालाई जिम्मेवारी दिइएको हुंकार मधेशले जनाएको छ । जिम्मेवारीअनुसार सहजकर्ता कश्यपले अभियानसँग सम्बन्धित विभिन्न पक्षबीच समन्वय तथा सहजीकरण गर्नेछन् । प्रवक्ता केशव कुमारले भने संगठन तथा अभियानका गतिविधिबारे आधिकारिक धारणा सार्वजनिक गर्ने जिम्मेवारी पाएका छन्।

हुंकार मधेशले यसअघि घोषणा गरेको सय दिने मेची–महाकाली हुलाकी यात्रा तथा पुनर्जागरण अभियान पूरा गरेपछि संगठनको केन्द्रीय संरचना निर्माण गर्ने तयारी गरेको छ । अभियानका क्रममा विभिन्न क्षेत्रका नागरिक तथा समुदायसँग प्रत्यक्ष सम्पर्क र संवाद गर्दै संगठन विस्तारको आधार तयार पार्ने योजना रहेको जनाइएको छ।

अभियान सम्पन्न भएपछि संयोजकसहितको केन्द्रीय संरचना निर्माण गरी संगठनलाई संस्थागत रूपमा अघि बढाउने हुंकार मधेशको तयारी छ । त्यसअघि समन्वय र सञ्चारको कामलाई व्यवस्थित गर्न प्रारम्भिक जिम्मेवारी तोकिएको हो। प्रवक्ता केशव कुमारद्वारा जारी विज्ञप्तिमा अभियानका विभिन्न विभाग तथा जिम्मेवारीसमेत छिट्टै निर्धारण गरी सार्वजनिक गरिने उल्लेख छ।

संगठनको संरचना विस्तारसँगै विभिन्न विभागलाई जिम्मेवारी दिइने र त्यसपछि हुंकार मधेशको केन्द्रीय संरचनालाई पूर्णता दिँदै अभियानका गतिविधिलाई संस्थागत रूपमा अघि बढाउने तयारी गरिएको विज्ञप्तिमा जनाइएको छ।

## लिट्मस इन्डस्ट्रिजको पहिलो 'पावर पार्टनर्स मिट',

# दुई नयाँ कन्डक्टर प्रविधि सार्वजनिक

**मधेशदृष्टि**
**काठमाडौँ।**
नेपालको ऊर्जा क्षेत्रका सरोकारवालाबीच सहकार्य र साझेदारीलाई थप मजबुत बनाउने उद्देश्यले लिट्मस इन्डस्ट्रिज लिमिटेडले काठमाडौंमा पहिलोपटक 'लिट्मस पावर पार्टनर्स मिट २०२६' आयोजना गरेको छ । 'साथ, सम्बन्ध र विश्वास' भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा जलविद्युत्, सौर्य ऊर्जा, इन्जिनियरिङ, खरिद तथा निर्माण (ईपीसी), परामर्शलगायत ऊर्जा क्षेत्रसँग सम्बन्धित विभिन्न संस्थाका प्रतिनिधिहरू सहभागी थिए । कार्यक्रममा नेपालको ऊर्जा क्षेत्रको पछिल्लो अवस्था, चुनौती, प्रविधिको विकास तथा आगामी सम्भावनाबारे छलफल गरिएको थियो।




कार्यक्रममा ऊर्जा पूर्वाधार निर्माणमा गुणस्तरीय उत्पादन र आधुनिक प्रविधिको भूमिका, आयोजना विकासदेखि प्राविधिक कार्यान्वयनसम्मको सहकार्य तथा ऊर्जा क्षेत्रको सम्पूर्ण मूल्य श्रृंखलाबीच समन्वयलाई प्राथमिकताका साथ उठाइएको थियो । जलविद्युत् तथा सौर्य ऊर्जा विकासकर्ता, ईपीसी कम्पनी, परामर्शदाता र उद्योगसँग सम्बन्धित संस्थाका प्रतिनिधिसँगै आई.पि.ए.ए.एन. लगायतका संस्थाका प्रतिनिधिहरूको पनि सहभागिता रहेको थियो।

कार्यक्रमको मुख्य आकर्षणका रूपमा लिट्मस इन्डस्ट्रिजले नेपाली बजारमा दुई नयाँ कन्डक्टर प्रविधि सार्वजनिक गरेको छ । कम्पनीले 'एचटीएलएस हाई टेम्प्रेचर लो साग कन्डक्टर' र 'एल–५९ (ए.आई.–५९) कन्डक्टर' बजारमा प्रस्तुत गरेको हो।

कम्पनीका अनुसार नयाँ प्रविधिको सुरुवातसँगै लिट्मसको उत्पादन पोर्टफोलियो थप विस्तार हुनुका साथै नेपालको प्रसारण तथा वितरण पूर्वाधारमा विकसित हुँदै गएको प्रविधिगत आवश्यकतालाई सम्बोधन गर्न सहयोग पुग्नेछ।

कार्यक्रममा लिट्मस इन्डस्ट्रिज लिमिटेडका प्रबन्ध निर्देशक रोहित गुप्ताले नेपालको ऊर्जा क्षेत्रलाई थप सुदृढ बनाउन सरोकारवालाबीचको सहकार्य अपरिहार्य रहेको बताए।

ऊर्जा क्षेत्र निरन्तर विस्तार भइरहेका बेला भरपर्दो, प्रभावकारी र दिगो विद्युत् पूर्वाधार निर्माणका लागि उत्पादक, आयोजना विकासकर्ता, ईपीसी कम्पनी, परामर्शदाता तथा अन्य उद्योगबीच बलियो साझेदारी आवश्यक रहेको उनको भनाइ थियो।

कार्यक्रममा सहभागीहरूले नेपालको नवीकरणीय ऊर्जा क्षेत्रका बदलिँदा आवश्यकता, प्रसारण तथा वितरण प्रणालीको सुदृढीकरण, प्राविधिक नवीनता र गुणस्तरीय उत्पादनका विषयमा आफ्ना धारणा आदानप्रदान गरेका थिए। 'रमेश कर्पअन्तर्गत सन् १९७७ मा स्थापना भएको लिट्मस इन्डस्ट्रिज' नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादनका क्षेत्रमा लामो समयदेखि सक्रिय छ । कम्पनीले एल्युमिनियम तथा मिश्र धातुका रड उत्पादन गर्दै आएको छ भने उसका उत्पादन विद्युत् प्रसारण, वितरण, पूर्वाधार, निर्माण तथा औद्योगिक क्षेत्रमा प्रयोग हुँदै आएका छन्।

पाँच दशकभन्दा लामो उत्पादन अनुभव बोकेको कम्पनीले नवीन प्रविधि र गुणस्तरमा जोड दिँदै नेपाली बजारसँगै क्षेत्रीय निर्यात बजारमा समेत आफ्नो उपस्थिति विस्तार गरिरहेको जनाएको छ।

# बेपत्ताको फाइलमा कारबाही सिफारिस...

अभिलेखमा उल्लेख छ । अर्थात्, यो केवल कुनै व्यक्तिले लगाएको आरोप मात्र थिएन । राष्ट्रिय मानव अधिकार आयोगको औपचारिक अनुसन्धान र निर्णयबाट कारबाहीको सिफारिस भएको दस्तावेजी तथ्य हो।

**बेपत्ता व्यक्ति, तर नरोकेको करिअर**

तेजबहादुर भण्डारी त्यसपछि परिवारको सम्पर्कमा आएनन् । उनको अवस्था अझै स्पष्ट हुन सकेको छैन । तर घटनासँग नाम जोडिएका पिताम्बर अधिकारीको करिअर अघि बढिरह्यो । २०१६ मा उनी ललितपुरका प्रहरी प्रमुख एसएसपी थिए । त्यही समयमा भण्डारी बेपत्ता प्रकरणमा उनीविरुद्ध बेपत्ता पारिएको आरोपसम्बन्धी उजुरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा परेको सार्वजनिक विवरण छ । यसले घटनाको अर्को गम्भीर पाटो देखाउँछ 'एउटा परिवार आफ्ना सदस्यको अवस्था खोज्दै न्यायका ढोका चहारिरहेको थियो, तर घटनामा नाम जोडिएका अधिकारीको व्यावसायिक यात्रा भने निरन्तर अघि बढिरहेको थियो।'

**नेपालको आयोगबाट संयुक्त राष्ट्रसंघसम्म**

भण्डारीका छोरा रामकुमार भण्डारीले बाबुको अवस्था र न्यायका लागि नेपालभित्रका प्रक्रियासँगै संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिसम्म मुद्दा पु¥याए।

'Ram Kumar Bhandarif/v. Nepal, Communication No. २०३१/२०११' का रूपमा दर्ता भएको उक्त मुद्दामा संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले २९ अक्टोबर २०१४ मा आफ्नो ख्ष्भधक पारित गरेको थियो । संयुक्त राष्ट्रसंघीय अभिलेखले विषयलाई 'भलायचअभम मष्कबउउभबचबलअभ' अर्थात् जबर्जस्ती बेपत्तासँग सम्बन्धित घटनाका रूपमा वर्गीकृत गरेको छ । समितिले नेपाललाई घटनाको प्रभावकारी अनुसन्धान गर्न, तेजबहादुर भण्डारीको शव वा अवशेष पत्ता लगाई परिवारलाई बुझाउन, जिम्मेवार व्यक्तिमाथि अभियोजन तथा आवश्यक कानुनी कारबाही गर्न र पीडित परिवारलाई प्रभावकारी उपचार तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने बताएको थियो । तर त्यसपछि पनि मूल प्रश्न बाँकी रह्यो 'तेजबहादुरको अवस्था के भयो र जिम्मेवार देखाइएका व्यक्तिमाथि के कारबाही भयो ?'

**एकातिर अन्तर्राष्ट्रिय अभिलेख, अर्कोतिर तिलगंगाको जिम्मेवारी**

समय बित्दै गयो । प्रहरी सेवा सकियो । तर पिताम्बर अधिकारीको सार्वजनिक जिम्मेवारी त्यहीं रोकिएन । तिलगंगा आँखा प्रतिष्ठानको आधिकारिक वेबसाइटमा अहिले पनि (पिताम्बर अधिकारी, 'चिफ अपरेटिङ अफिसर') का रूपमा उनको नाम उल्लेख छ । संस्थाको हालैको सार्वजनिक गतिविधिमा समेत उनी सि.ओ.ओ. का रूपमा सहभागी भएको उल्लेख छ।

सेप्टेम्बर २०२६ मा प्रधानमन्त्रीको विपद् राहत कोषमा रकम हस्तान्तरणसम्बन्धी तिलगंगाको आधिकारिक समाचारमा पनि अधिकारीलाई चिफ अपरेटिङ अफिसर (सिओओ) का रूपमा प्रस्तुत गरिएको छ । यसपछि प्रश्न अझ सान्दर्भिक हुन्छ 'राष्ट्रिय मानव अधिकार आयोगको कारबाही सिफारिसमा नाम आएको व्यक्तिलाई तिलगंगाको उच्च व्यवस्थापकीय जिम्मेवारीमा नियुक्त गर्ने प्रक्रिया के थियो ?'

**नियुक्तिको फाइलले के भन्छ ?**

यो विषयमा सबैभन्दा महत्वपूर्ण कुरा आरोप लगाउनु होइन, नियुक्तिको प्रक्रिया सार्वजनिक हुनु हो । पिताम्बर अधिकारीलाई तिलगंगामा सि.ओ.ओ. नियुक्त गर्ने निर्णय कहिले भयो ? कुन बोर्ड बैठकले निर्णय ग¥यो ? निर्णय नम्बर के थियो ?

छनोट समिति गठन गरिएको थियो कि थिएन ? उम्मेदवार छनोटका आधार के थिए ? उम्मेदवारको पूर्वसेवा, मानव अधिकारसम्बन्धी अभिलेख र सार्वजनिक विवादबारे संस्थाले कुनै पृष्ठभूमि जाँच गरेको थियो कि थिएन ? राष्ट्रिय मानव अधिकार आयोगको २०६८ सालको निर्णयबारे नियुक्तिकर्ता पक्षलाई जानकारी थियो कि थिएन ?

संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिको 'भण्डारी भी. नेपाल' सम्बन्धी भ्यूजबारे संस्थालाई जानकारी थियो कि थिएन ? यी प्रश्नको उत्तर नियुक्तिसम्बन्धी कागजात र निर्णय प्रक्रियाबाट स्पष्ट हुन सक्छ।

**दोषी ठहर भएको दाबी होइन, तर प्रश्न भने गम्भीर**

यहाँ एउटा कानुनी सीमा स्पष्ट हुनु आवश्यक छ । उपलब्ध अभिलेखका आधारमा पिताम्बर अधिकारीलाई तेजबहादुर भण्डारीको घटनामा सर्वोच्च अदालतले दोषी ठहर गरेको पुष्टि हुँदैन । त्यसैले उनलाई अदालतबाट दोषी प्रमाणित भएको व्यक्तिका रूपमा प्रस्तुत गर्नु उचित हुँदैन । तर त्यसले अर्को तथ्यलाई पनि मेटाउँदैन 'राष्ट्रिय मानव अधिकार आयोगले उनीसहितका अधिकारीमाथि कानुनी कारबाही गर्न सिफारिस गरेको थियो ।' आयोगको अभिलेखले उक्त कुरा स्पष्ट रूपमा देखाउँछ।

त्यस्तै, संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिमा भण्डारी प्रकरण पुगेको र नेपाललाई प्रभावकारी अनुसन्धान तथा जिम्मेवार व्यक्तिमाथि कारबाहीसहितका उपाय अपनाउन भनिएको तथ्य पनि अन्तर्राष्ट्रिय अभिलेखमा छ । त्यसैले अहिले उठेको प्रश्न 'पिताम्बर अधिकारी दोषी हुन् कि होइनन् ?' मात्र होइन ।' मुख्य प्रश्न हो 'गम्भीर मानव अधिकार प्रकरणमा नाम जोडिएको व्यक्तिको विगतलाई संस्थाले नियुक्ति प्रक्रियामा कसरी मूल्यांकन ग¥यो ?'

**तिलगंगा र सन्दुक रुइतमाथि पनि प्रक्रियागत प्रश्न**

तिलगंगा आँखा प्रतिष्ठान स्वास्थ्य सेवाका क्षेत्रमा प्रतिष्ठित संस्था हो । संस्थाको आधिकारिक विवरणमा प्रा.डा. गोविन्द पौड्यालगायत सञ्चालकहरू तथा डा. रीता गुरुङ प्रमुख कार्यकारी अधिकृत र रामचन्द्र खनाल प्रमुख वित्तीय अधिकृतका रूपमा उल्लेख छन् । त्यसैले पिताम्बर अधिकारीको नियुक्ति व्यक्तिगत विषयमा सीमित छैन । यो संस्थागत नियुक्ति प्रक्रिया, पृष्ठभूमि परीक्षण र जवाफदेहितासँग जोडिएको प्रश्न पनि हो।

सन्दुक रुइत नेतृत्वसँग पिताम्बर अधिकारीको संस्थागत सम्बन्ध कसरी स्थापित भयो भन्ने प्रश्न उठ्न सक्छ । तर उपलब्ध प्रमाणबिना कसैले कसैलाई संरक्षण गरेको निष्कर्ष निकाल्न मिल्दैन । बरु सम्बन्धित संस्थासँग सोधिनुपर्ने प्रश्न सीधा छन् नियुक्ति कसले ग¥यो ? कुन प्रक्रियाबाट ग¥यो ? नियुक्तिका बेला पिताम्बर अधिकारीको विगतबारे के–के कागजात हेरियो ? एन.एच.आर.सि. को सिफारिसबारे जानकारी थियो कि थिएन ? जानकारी थियो भने त्यसलाई नियुक्ति प्रक्रियामा कसरी मूल्यांकन गरियो ? यी प्रश्नको जवाफ सार्वजनिक हुँदा विवादको ठूलो हिस्सा आफैं स्पष्ट हुन सक्छ।

**२५ वर्षपछि पनि उही प्रश्न**

तेजबहादुर भण्डारी बेपत्ता भएको घटनाले एउटा परिवारलाई २५ वर्षदेखि जवाफविहीन बनाएको छ । राष्ट्रिय मानव अधिकार आयोगले अनुसन्धान ग¥यो । कारबाही सिफारिस ग¥यो । क्षतिपूर्तिसहितका उपाय सुझायो । त्यसपछि पीडित परिवारले अन्तर्राष्ट्रिय न्यायिक–मानव अधिकार संयन्त्रको ढोका ढकढक्यायो । संयुक्त राष्ट्रसंघीय मानव अधिकार समितिले पनि नेपाललाई अनुसन्धान, जिम्मेवार व्यक्तिमाथि कारबाही र परिवारलाई प्रभावकारी उपचारका उपाय अपनाउन भन्यो । तर आज पनि तेजबहादुरको अवस्था र जिम्मेवारीको अन्तिम निष्कर्षबारे प्रश्न बाँकी छ।

उता, घटनासँग नाम जोडिएका पिताम्बर अधिकारी भने अहिले तिलगंगा आँखा प्रतिष्ठानको उच्च व्यवस्थापकीय तहमा छन्।

तिलगंगाको आफ्नै आधिकारिक विवरणले उनलाई सि.ओ.ओ. का रूपमा प्रस्तुत गरिरहेको छ । त्यसैले अब यो प्रश्न केवल २५ वर्ष पुरानो बेपत्ता घटनाको इतिहासमा सीमित छैन । यो राज्यको जवाफदेहिता, मानव अधिकारसम्बन्धी सिफारिसको कार्यान्वयन र प्रतिष्ठित संस्थाहरूको नियुक्ति प्रक्रियासँग जोडिएको वर्तमान प्रश्न बनेको छ।

# घटस्थापनाअघिदेखि नै दशैँ बजार

**मधेशदृष्टि**
**जनकपुरधाम।**
विजयदशमीलाई लक्षित गर्दै जनकपुरधाममा यस वर्ष पनि दशैँ बजार सञ्चालन हुने भएको छ। जनकपुरधाम उद्योग वाणिज्य संघको अगुवाइमा सञ्चालन हुँदै आएको दशैँ बजार यस वर्ष भने घटस्थापनाभन्दा एक दिनअघि नै उद्घाटन गर्ने तयारी गरिएको छ।

दशैँ बजार सञ्चालनका लागि आवश्यक तयारी भइरहेको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जानकारी दिए। दशैँ बजारमा दैनिक उपभोग्य सामग्रीदेखि चाडपर्वमा आवश्यक पर्ने विभिन्न सामान एउटै स्थानबाट सुपथ तथा सुलभ मूल्यमा उपलब्ध गराउने व्यवस्था गरिने संघले जनाएको छ । आर्थिक मन्दीका कारण बजार क्षेत्र प्रभावित भइरहेका बेला दशैँ बजारले जनकपुरधामको व्यापारिक गतिविधि बढाउन सहयोग पुग्ने अध्यक्ष भण्डारीले बताए।

'अहिले जनकपुरधामको बजार मात्र होइन, पूरै नेपाल आर्थिक मन्दीको अवस्थामा छ । यो दशैँ बजारबाट जनकपुरधामको बजार चलायमान बनाउन मद्दत पुग्नेमा विश्वस्त छु,' उनले भने । दशैँ बजारमा स्टल राख्ने व्यवसायीलाई आफ्ना सामानको मूल्यसूची अनिवार्य रूपमा राख्नसमेत अध्यक्ष भण्डारीले आग्रह गरेका छन् । उपभोक्ताले सामानको मूल्यबारे स्पष्ट जानकारी पाउने र बजारलाई थप व्यवस्थित बनाउन मूल्यसूची राख्नुपर्ने उनको भनाइ छ।

संघले दशैँ बजारलाई विगतका वर्षभन्दा थप व्यवस्थित बनाउने तथा उपभोक्तालाई सहज हुने गरी आवश्यक सुविधा थप गर्ने तयारीसमेत गरेको छ । यसअघि अष्टमीसम्म मात्र सञ्चालन हुँदै आएको दशैँ बजारलाई यस वर्ष विजयदशमीसम्म निरन्तरता दिने तयारी जनकपुरधाम उद्योग वाणिज्य संघले गरेको छ।

# सार्वजनिक वित्तीय व्यवस्थापन...

कि भएन भन्ने मात्र नभई खर्च भएको रकमले नागरिकको जीवनमा के परिवर्तन ल्यायो भन्ने मुख्य प्रश्न हो । त्यसैले आगामी दिनमा वित्तीय व्यवस्थापनलाई नतिजामुखी बनाउनेतर्फ ध्यान दिनुपर्छ,' उनले भने।

मन्त्री भट्टराईले सार्वजनिक बजेट, खर्च र कार्यक्रम कार्यान्वयनबारे नागरिकले सहज रूपमा सूचना पाउने वातावरण बनाउनुपर्नेमा समेत जोड दिए। वित्तीय पारदर्शिता र जवाफदेहिता बढाउन सञ्चारमाध्यम तथा आर्थिक पत्रकारिताको भूमिका महत्वपूर्ण हुने उनले बताए।

कार्यक्रममा प्रतिवेदनले समेटेका प्रमुख निष्कर्ष तथा प्रदेशको वित्तीय व्यवस्थापनको अवस्थाबारे छलफल गरिएको थियो । प्रतिवेदनमा बजेट विश्वसनीयता, सार्वजनिक आम्दानी तथा खर्च व्यवस्थापन, लेखांकन तथा प्रतिवेदन, आन्तरिक नियन्त्रण र बाह्य परीक्षणलगायत सार्वजनिक वित्तीय व्यवस्थापनका विभिन्न पक्षको मूल्याङ्कन गरिएको जनाइएको छ।

कार्यक्रममा सहभागी अर्थ क्षेत्रका पत्रकार तथा सरोकारवालाले बजेट कार्यान्वयनको गुणस्तर, वित्तीय अनुशासन, पारदर्शिता र सार्वजनिक जवाफदेहितालाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए।

प्रतिवेदनले प्रदेश सरकारको आगामी बजेट निर्माण तथा वित्तीय सुधारका लागि आधार तयार गर्ने अपेक्षा गरिएको छ । प्रतिवेदनमा पहिचान गरिएका सुधारका क्षेत्रलाई व्यवहारमा कार्यान्वयन गर्न सके प्रदेशको वित्तीय प्रणालीलाई थप पारदर्शी, उत्तरदायी र परिणाममुखी बनाउन सहयोग पुग्ने बताइएको छ।

### जागिरको प्रलोभनमा ठगी धन्दा:

# वीरगंजमा 'जब सेन्टर'को जालो, युवाबाट शुल्कदेखि कागजातसम्म असुली







**मधेशदृष्टि**
**वीरगंज।**

रोजगारीको खोजीमा भौतारिरहेका युवालाई आकर्षक तलब र सहज कामको प्रलोभन देखाएर वीरगंजमा सञ्चालित केही 'जब सेन्टर'ले शुल्क, कमिसनदेखि व्यक्तिगत कागजातसम्म असुल्ने गरेको पाइएको छ। रोजगारी दिलाइदिने नाममा बेरोजगार युवाबाट रकम उठाउने, काम चित्त नबुझे पनि पैसा फिर्ता नगर्ने र कतिपय अवस्थामा नागरिकता, शैक्षिक प्रमाणपत्र तथा सवारी चालक अनुमतिपत्रजस्ता महत्वपूर्ण कागजातसमेत धरौटीमा राख्ने गरिएको पीडित युवाहरूको आरोप छ।

पर्सा, बारा तथा तराईका अन्य जिल्लाबाट अध्ययन र रोजगारीका लागि वीरगंज आएका युवा यस्ता जब सेन्टरको निशानामा पर्ने गरेका छन्। विशेषगरी आर्थिक रूपमा कमजोर परिवारका विद्यार्थी तथा बेरोजगार युवा कलेजको शुल्क र दैनिक खर्च जुटाउन केही आम्दानी गर्ने आशामा रोजगारी खोज्दै जाँदा शुल्क र कमिसनको जालमा पर्ने गरेको उनीहरूको गुनासो छ।

सामाजिक सञ्जाल, विशेषगरी फेसबुक, टिकटकमार्फत आकर्षक रोजगारीका विज्ञापन सार्वजनिक गर्ने र त्यसकै आधारमा युवालाई कार्यालयसम्म बोलाउने गरिएको पाइएको छ। विज्ञापनमा उल्लेख गरिएको काम र वास्तविक कामबीच फरक देखिएपछि गुनासो गर्न कार्यालय पुगेका युवाले समेत तत्काल समाधान नपाउने गरेका छन्। कतिपय पीडितले एक सातासम्म कार्यालय धाउँदा र सञ्चालकलाई फोन गर्दा पनि वैकल्पिक रोजगारी नपाएको बताएका छन्।

**चार हजार बुझाएर फ्याक्ट्री पुगे, काम भने विज्ञापनभन्दा फरक**

पर्साको जिराभवानी गाउँपालिकाका एक युवक टिकटकमा देखिएको रोजगारीको विज्ञापन पछ्याउँदै 'हंश जब हब प्रा.लि.' पुगे। फ्याक्ट्रीमा काम लगाइदिने आश्वासन पाएपछि उनले चार हजार रुपैयाँ शुल्क बुझाए। त्यसपछि फ्याक्ट्रीमा पुगेका उनलाई विज्ञापनमा भनिएभन्दा निकै फरक र कठिन काम दिइएको उनको भनाइ छ।

'एक हप्ता भयो सर, चार हजार एकमुष्ट दिएर फ्याक्ट्रीमा पुगेँ। धेरै मिहिनेतको काम थियो, भनेजस्तो भएन,' उनले भने, 'कार्यालयमा फर्केर गुनासो गरेँ, तर कुनै सुनुवाइ भएन। पैसा नभएर तनाव छ, जसरी भए पनि कतै जागिर लगाइदिनुस्।' काम नमिलेपछि उनी पुनः जब सेन्टरमै धाउन बाध्य भएका छन्। तर गुनासो गरेको एक सातासम्म पनि अर्को रोजगारीको व्यवस्था नभएको उनले बताए।

**फारम भरेकै नाममा शुल्क, रसिदसमेत नदिएको आरोप**

बाराको कलैयाका अर्का युवकको रोजगारीको कथा पनि यस्तै छ। निजी क्षेत्रको जागिर छाडेर ऋण लिएर होटल व्यवसाय सुरु गरेका उनी व्यवसाय नचलेपछि होटल बिक्री गरेर पुनः रोजगारीको खोजीमा लागेका थिए।

साथीबाट वीरगंजमा जब सेन्टरमार्फत रोजगारी पाइने जानकारी पाएपछि उनले विभिन्न कार्यालयमा सेक्युरिटी गार्ड र कुकको काम खोज्न थाले। वीरगंज यातायात कार्यालय रोडस्थित 'टाइगर इन्टरनेशनल सेक्युरिटी सर्भिस जब सेन्टर'मा सेक्युरिटी गार्डको कामका लागि सम्पर्क गर्दा फारम भरेबापत एक हजार रुपैयाँ शुल्क लिइएको उनले बताए।

तर रकम बुझाएपछि रसिद माग्दा पनि नदिइएको उनको दाबी छ। त्यतिमात्र होइन, पहिलो महिनाको तलब पाएपछि त्यसको ४० प्रतिशत रकम कार्यालयलाई बुझाउनुपर्ने भनिएको र रकम नदिए जागिरबाट निकाल्न सकिने चेतावनीसमेत दिइएको उनले बताए।

त्यसैगरि उच्च माध्यमिक तह अध्ययनको सिलसिलामा वीरगंज आएका रौतहट कटहरियाका एक युवक फेसबुकमा जागिरको लागि 'पर्सा जब सेन्टर' मा पुगेका थिए। वीरगंज–८ पानीटंकी स्थित वीरगंज पब्लिक कलेजको गेट अगाडिकै सडकमा रहेको उक्त जब सेन्टरमा छिर्ने वित्तिकै रु १ हजार शुल्क नबुझाए फारम पनि नदिने भनेपछि ति युवकले १ हजार बुझाए। त्यसपछि उनलाई मारवाडी फर्ममा जागिरको लागि पठाइयो तर त्यहाँ जाँदा दशैँ पछि आउनुस्, हेरौँला भनेर फर्काइयो। जब सेन्टरलाई बुझाएको १ हजार रुपैया स्वाहा भयो।

बाइपास चोकस्थित निलकण्ठ अस्पतालनजिक रहेको 'ग्लोबल जब हब'मा पुगेका अर्का युवकले पनि सामाजिक सञ्जालमा देखिएको विज्ञापनकै आधारमा रोजगारी खोजेको बताए। टिकटकमा कलैयास्थित इन्टरनेट कम्पनीमा मार्केटिङको कामका लागि विज्ञापन देखेपछि उनी जब सेन्टर पुगेका थिए।

फारम भरेबापत पाँच सय रुपैयाँ लिइए पनि त्यसको रसिद नदिइएको उनको भनाइ छ। काममा गएपछि पहिलो महिनाको तलबको ४० प्रतिशत रकम कमिसनका रूपमा बुझाउनुपर्ने जानकारी दिइएको उनले बताए। उनका अनुसार कमिसन नबुझाएसम्म नागरिकता, सवारी चालक अनुमतिपत्र र शैक्षिक प्रमाणपत्रजस्ता कागजात धरौटीका रूपमा राखिएको थियो।

तर कलैयास्थित कम्पनीमा पुगेपछि जब सेन्टरले भनेको कामभन्दा फरक जिम्मेवारी दिइएको थाहा पाएपछि उनी काम छाडेर फर्किए। पछि धरौटीमा राखिएका कागजात फिर्ता पाए पनि फारम शुल्कका रूपमा बुझाएको पाँच सय रुपैयाँ भने फिर्ता नपाएको उनको गुनासो छ।

**शुल्कदेखि तलबको आधासम्म कमिसन**

वीरगंजका विभिन्न स्थानमा 'पर्सा जब सेन्टर', 'हंश जब हब', 'ग्लोबल जब हब' र 'टाइगर इन्टरनेशनल सेक्युरिटी सर्भिस'लगायतका नाममा रोजगारीसम्बन्धी सेवा दिने कार्यालय सञ्चालनमा छन्। त्यस्तै 'तराई जब सेन्टर', 'एएस इन्टरनेशनल जब सेन्टर', 'रोजगार वीरगंज' लगायतका नाममा सामाजिक सञ्जालमा रोजगारीका विज्ञापनहरू सार्वजनिक हुने गरेको स्थानीयको भनाइ छ।

पीडित युवाहरूका अनुसार यस्ता कार्यालयले सामान्य कार्यालय वा संस्थामा काम मिलाइदिएबापत फारम तथा सेवा शुल्क लिने गरेका छन्। उद्योग, फ्याक्ट्रीलगायतका क्षेत्रमा काम लगाइदिंदा भने एक हजारदेखि एक हजार पाँच सय रुपैयाँसम्म शुल्क लिने गरेको उनीहरूको आरोप छ।

त्यसपछि पनि प्रक्रिया सकिँदैन। पहिलो महिनाको तलबबाट ४० देखि ५० प्रतिशतसम्म रकम कमिसनका रूपमा माग्ने गरेको पीडितहरूको दाबी छ। मागिएको कमिसन नदिएसम्म नागरिकता, शैक्षिक प्रमाणपत्र, सवारी चालक अनुमतिपत्र तथा पासपोर्टजस्ता कागजातसमेत आफूसँग राख्ने गरिएको उनीहरूले बताएका छन्।

**दर्ता भएको नाममा शुल्क उठाउने, रसिद नदिने**

केही जब सेन्टर कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको देखिए पनि सेवा सञ्चालनको व्यवहारमाथि भने प्रश्न उठेको छ। पीडितका अनुसार फारम तथा सेवा शुल्कका नाममा रकम लिएपछि रसिद नदिने, रोजगारी चित्त नबुझे रकम फिर्ता नगर्ने र अर्को काम मिलाइदिने भन्दै लामो समयसम्म झुलाउने प्रवृत्ति देखिएको छ।

यसका कारण आर्थिक समस्यामा रहेका बेरोजगार युवा थप ऋण र तनावमा पर्ने गरेका छन्। रोजगारी खोज्दै कार्यालय धाउने, फोन गर्ने र कामको प्रतीक्षा गर्दागर्दै आफूले बुझाएको रकमसमेत फिर्ता नपाउने अवस्था आएको पीडितहरूको भनाइ छ।

**कानुनले श्रमिकबाट शुल्क लिन नपाउने व्यवस्था गरेको दाबी**

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ तथा श्रमसम्बन्धी कानुनले रोजगारी र श्रम बजारलाई व्यवस्थित गर्ने व्यवस्था गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले समेत श्रमसम्बन्धी कानुन र नीतिको कार्यान्वयनमार्फत सुरक्षित तथा मर्यादित कार्य वातावरण निर्माण गर्ने उद्देश्य राखेको छ।

श्रम ऐन, २०७४ को दफा ६७ अनुसार आपूर्ति गरिएका श्रमिकबाट कुनै किसिमको शुल्क लिन नहुने व्यवस्था रहेको अवस्थामा पनि रोजगारीको नाममा शुल्क तथा कमिसन असुल्ने र कागजात धरौटी राख्ने कार्य भइरहेको पीडितहरूको आरोप छ। बेरोजगारीको समस्या र आर्थिक अभावलाई अवसरका रूपमा प्रयोग गर्दै सामाजिक सञ्जालमा आकर्षक जागिरको विज्ञापन गर्ने, युवालाई कार्यालयमा बोलाउने, शुल्क असुल्ने र वास्तविक काम विज्ञापनभन्दा फरक दिने प्रवृत्तिले वीरगंजको रोजगारी बजारमा प्रश्न खडा गरेको छ।

रोजगारीको खोजीमा रहेका युवाको बाध्यतालाई कमाइको माध्यम बनाइएको आरोप लागेका यस्ता जब सेन्टरको नियमन, शुल्क असुलीको वैधानिकता तथा व्यक्तिगत कागजात धरौटीमा राख्ने अभ्यासबारे सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन र छानबिन आवश्यक देखिएको छ।

### प्रमुख प्रशासकीय अधिकृत नआएपछि

# नगरप्रमुखले नगरपालिका र वडा कार्यालयमा लगाए ताला




**मधेशदृष्टि**
**महोरत्तरी।**

महोत्तरीको भंगहा नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत लामो समयदेखि कार्यालयमा हाजिर नभएको भन्दै नगरप्रमुख सञ्जीवकुमार साहले नगरपालिका कार्यालयसहित ९ वटै वडा कार्यालयमा तालाबन्दी गरेका छन्। प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था नभए तीन दिनभित्र अत्यावश्यक सेवाबाहेक नगरपालिकाका सम्पूर्ण कामकाज बन्द गर्ने चेतावनी दिएका नगरप्रमुख साहले आफ्नो अल्टिमेटम सकिएपछि सोमबार आफैं नगरपालिका र वडा कार्यालयमा तालाबन्दी गरेका हुन्।

तालाबन्दी गरेपछि नगरपालिकाका सबै कार्यालयका चाबी उनले महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई बुझाएका छन्। नगरप्रमुख साहले तत्काल प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालयमा हाजिर गराएर प्रशासनिक, वित्तीय तथा नियमित सेवा प्रवाह सुचारु गर्न माग गरेका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गत स्थानीय तह कर्मचारी प्रशासन शाखाले गत भदौ १ गते खिमराज भुसाललाई भंगहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो। तर, मन्त्रालयबाट खटाउने पत्र आएको लामो समय बितिसक्दा पनि भुसाल नगरपालिकामा हाजिर नभएको नगरप्रमुख साहको भनाइ छ।

प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्न आफूले पटक–पटक मन्त्रालय पुगेर पहल गरे पनि समस्या समाधान नभएको साहले बताएका छन्। मन्त्रीसँग प्रत्यक्ष भेटेर समस्या राख्ने प्रयास गरे पनि भेट हुन नसकेको र स्वकीय सचिवमार्फत समस्या जानकारी गराउँदा समेत समाधानका लागि ठोस पहल नभएको उनको गुनासो छ।

प्रमुख प्रशासकीय अधिकृत नहुँदा कार्यपालिकाका निर्णय कार्यान्वयनदेखि नगरपालिकाका नियमित प्रशासनिक तथा वित्तीय काम प्रभावित भइरहेको नगरप्रमुख साहले बताएका छन्। कर्मचारीको तलबभत्ता, विकास योजना तथा दैनिक सेवा प्रवाहमा समेत समस्या देखिएको उनको भनाइ छ। लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृतविहीन हुँदा नगरपालिकाको कामकाज प्रभावित भइरहेकाले तत्काल समस्या समाधान गर्नुपर्ने उनले बताएका छन्। माग सम्बोधन नभए थप कडा कदम चाल्न बाध्य हुने चेतावनीसमेत नगरप्रमुख साहले दिएका छन्।

# अठराहासुगौली जलमग्न भएपछि स्थानीय आन्दोलित





**मधेशदृष्टि**
**वीरगंज।**

लगातारको वर्षाका कारण वीरगंज महानगरपालिका–२६ स्थित अठराहा सुगौली क्षेत्र जलमग्न भएपछि पानी निकासको माग गर्दै स्थानीय आन्दोलित भएका छन्। उनीहरूले सोमबार आइसीपीमा चक्का जाम गरेका थिए।

पानी निकासको उचित व्यवस्था नहुँदा बस्ती तथा सडकमा पानी जम्नुका साथै सयौँ बिघा खेतीयोग्य जमिन डुबानमा परेपछि स्थानीयले सोमबार विहान करिब २ घण्टा आइसीपीमा चक्काजाम गरेका थिए।

सो लगतै वीरगंज महानगरपालिकाले जेसिवी पठाएर अवरुद्ध पानी निकास खुला गर्न थाले पछि चक्काजाम स्थगीत भएको हो।

महानगरपालिकाको टोलीले पानी निकासको नाला सफा गर्दै तिलावे नदिमा खसाल्ने प्रयास भइहेको छ।

यस अघि पटक–पटक पानी निकासको नाला बनाएको भए पनि स्थानीय बासिन्दाले नै नाला पुरिदिने हुँदा समस्या आएको सो क्षेत्रका जनप्रतिधिहरूको भनाई छ।

डुबानका कारण टोलभित्रै आवतजावतमा समेत समस्या भएको छ। पानी निकास अभावमा महानगरपालिकाका वडा नं. २६, २५ र १७ का क्षेत्र डुवानमा पर्दै आएका छन्।

# मुख्य सडकसँगै विद्युत् तार पनि भूमिगत गर्न वीरगंज महानगरको दबाब

**मधेश्रृदष्टि**
**वीरगंज।**

वीरगंज महानगरपालिकाले त्रिभुवन राजपथअन्तर्गत विस्तार भइरहेको मुख्य सडकसँगै विद्युत् वितरण प्रणालीसमेत भूमिगत गर्न आवश्यक बजेट तत्काल व्यवस्था गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग आग्रह गरेको छ।

महानगर प्रमुख राजेशमान सिंहले ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीलाई पत्र पठाउँदै सडक विस्तारपछि विद्युत्का तार पुनः ओभरहेड प्रणालीमै राखिए भविष्यमा सडक मर्मत, थप विस्तार, यातायात व्यवस्थापन र शहरी सौन्दर्यीकरणमा दीर्घकालीन समस्या सिर्जना हुने भन्दै अहिले नै भूमिगत प्रणाली निर्माण गर्न माग गरेका हुन्।

महानगरले सडक विस्तारको काम सुरु भएदेखि नै नयाँ सडकखण्डसँगै विद्युत्का तार भूमिगत गर्नुपर्ने धारणा राख्दै आएको थियो। तर डिभिजन सडक कार्यालय, हेटौँडाले नयाँ सडक डिजाइनअनुसार विद्युत् तारलाई हालकै ओभरहेड प्रणालीबाटै व्यवस्थापन गर्ने तयारी गरेको जानकारी दिएपछि महानगरले भूमिगत विद्युत् प्रणालीका लागि पुनः मन्त्रालयस्तरमा पहल अघि बढाएको हो।

**सडक विस्तारसँगै तार भूमिगत गर्ने महानगरको माग**

त्रिभुवन राजपथअन्तर्गत गण्डक–घण्टाघर–भन्सार सडकखण्डको दायाँ–बायाँ २५÷२५ मिटर विस्तारको काम अन्तिम चरणमा पुगेको छ। यही अवसरमा सडकसँगै विद्युत् वितरण प्रणाली पनि भूमिगत गर्नुपर्ने महानगरको जोड छ।



महानगरको तर्क छ अहिले सडक विस्तार गरेर फेरि विद्युत्का पोल र तार सडककै छेउमा राखिए भविष्यमा त्यसलाई हटाउन वा पुनः व्यवस्थापन गर्न थप खर्च र समय लाग्नेछ। त्यसैले सडक निर्माणसँगै विद्युत् प्रणालीलाई पनि दीर्घकालीन योजनाअनुसार भूमिगत गर्नु उपयुक्त हुन्छ। वीरगंज देशकै प्रमुख औद्योगिक, व्यापारिक तथा सीमावर्ती शहर भएकाले मुख्य सडकलाई आधुनिक, सुरक्षित र व्यवस्थित बनाउने योजनासँग भूमिगत विद्युत् प्रणालीलाई जोड्नुपर्ने महानगरको भनाइ छ।

**पोल हटेपछि सडकको स्वरूप नै बदलिने अपेक्षा**

विद्युत्का तार भूमिगत गरिए मुख्य सडकमा रहेका विद्युत् पोल हटाउन सकिनेछ। यसबाट सडकको दृश्य सौन्दर्यमा सुधार आउनुका साथै विद्युत् वितरण प्रणाली थप सुरक्षित र व्यवस्थित हुने महानगरको अपेक्षा छ।

विशेषगरी सीमावर्ती व्यापारिक शहरका रूपमा तीव्र आवागमन हुने वीरगंजको मुख्य सडकमा पोल र तारको जालो हटाउँदा सडक व्यवस्थापन, यातायात सञ्चालन र शहरी सौन्दर्यीकरणमा समेत सकारात्मक प्रभाव पर्ने महानगरको दाबी छ।

**'अहिले नगरे फेरि महँगो पर्छ'**

महानगर प्रमुख सिंहले सडक विस्तारको काम सकिएपछि भूमिगत विद्युत् प्रणाली निर्माण गर्न खोज्दा पुनः सडक खन्नुपर्ने अवस्था आउन सक्ने भन्दै सडक निर्माणकै क्रममा आवश्यक पूर्वाधार तयार गर्नुपर्नेमा जोड दिएका छन्।

यसका लागि ऊर्जा मन्त्रालय, नेपाल विद्युत् प्राधिकरण, सडक विभाग तथा सम्बन्धित निकायबीच आवश्यक समन्वय गरेर काम अघि बढाउन उनले आग्रह गरेका छन्। महानगरले भूमिगत विद्युत् प्रणालीका लागि आवश्यक बजेट तत्काल सुनिश्चित गर्न र सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिनसमेत मन्त्रालयसँग माग गरेको छ।

सडक विस्तारसँगै पोल र तार हटाएर भूमिगत विद्युत् प्रणाली निर्माण गर्ने महानगरको प्रस्ताव कार्यान्वयन भए वीरगंजको मुख्य सडकको पूर्वाधार र स्वरूप दुवैमा दीर्घकालीन परिवर्तन आउने अपेक्षा गरिएको छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन